मिति : २०७८/०२/११

# प्रेस विज्ञप्ती

वीरगंजमा रहेका केही निजी अस्पतालले कोरोना संक्रमितको उपचार वापत लिने शुल्कको विषयलाई लिएर विभिन्न संचार माध्यम र समाजिक सञ्जालहरुमा उठाइएको विषय प्रति वीरगंज महानगरपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।

समुदायस्तरमा फैलिएको कोभिड संक्रमणका कारण जनजीवन नै संकटमा पुगेको अवस्थामा कोरोना संक्रमितहरुको उपचारका लागि निजी अस्पतालले लिने शुल्कका वारेमा नेपाल सरकारले तोकेको शुल्क भन्दा बढी रकम विरामीसँग असुल गरेको पाइएमा कानुन वमोजिम कार्वाही हुने हुदाँ संकटको घडिमा अप्ठारोमा परेको नागरिकसँग मनोमानी रुपमा रकम नलिन वीरगंज महानगरपालिका निजी अस्पताल संचालक समक्ष सचेततापूर्वक अग्रह गर्दछ ।

कोभिड नियन्त्रणका लागि एकिकृत रुपमा संघिय सरकारले नै कानुन निर्माण गरी जिल्ला तहमा ***जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र*** (DCCMC) मार्फत निर्णय गरिने व्यवस्था अनुसार नै अस्पतालमा विरामीको उपचार र त्यसको व्यवस्थापनका सन्दर्भमा समेत सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा अनुगमन समिति गठन भएको कुरा सर्वविदितै छ । हालै विभिन्न संचारमाध्यम र सामाजिक सञ्जालहरुमा उठाइएका विषयमा अनुगमन गरि कानुन विपरित शुल्क उठाईएको पाइएमा त्यस्ता अस्पताललाई कार्वाहीको दायरामा ल्याईने जानकारी गराउन चाहन्छु ।

कोरोना भाइरसका कारण समुदाय नै अप्ठारोमा परेको स्थितीमा मानवीय सेवाको उच्च भावनाले काम गर्न र संक्रमित विरामीको उपचारमा संवेदनशील भइदिन वीरगंजमा संचालित सर्म्पूण अस्पताल संचालकहरुसँग वीरगंज महानगरपालिका अपिल गर्दछ ।

अहिले एकले, अर्कोलाई सहयोगको हात अगाडी बढाउनु पर्ने अवस्था सृजना भएको छ । वीरगंजमा विभिन्न सामाजिक संघ संस्था र व्यक्तिहरुले समेत कोभिड संक्रमणबाट संक्रमितहरु र अप्ठारोमा परेका परिवारहरुलाई सहयोग गर्न हातेमालो गरि रहनु भएको अवस्थालाई समेत मध्यनगर गर्दै अस्पतालबाट गरिने सेवामा पनि यस्तै भावना प्रकट हुनेनै छ भन्ने विश्वास वीरगंज महानगरपालिकाले लिएको छ ।

जनताको नजिकको सरकारका रुपमा रहेको स्थानीय सरकार (वीरगंज महानगरपालिका)ले नागरिक स्तरबाट उठाईएका सकरात्मक र रचनात्मक सुझावलाई सदैव आत्मसाथ गरिने कुरा विश्वस्त तुल्याउन चाहन्छु ।

विजय कुमार सरावगी
प्रमुख